# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# गुँला बाजा प्रतियोगिता सम्बन्धी सूचना

साँस्कृतिक विधाहरुको संरक्षण सम्बर्द्धन गर्नुका साथै नागरिकहरुमा रहेको सिप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुल्ला गुँला बाजा प्रतियोगिता मिति २०८१ बैशाख २२ गते, शनिवार देहाय अनुसारको नियम वमोजिम सञ्चालन हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका साँस्कृतिक समूहहरु तथा सम्बन्धित सबैले आ–आफ्नो बाजा देहाएको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रति समूह दर्ता शुल्क : रु. १००।–
दर्ता गर्ने अन्तिम मितिः २०८१ बैशाख १४ गते शुक्रबार
दर्ता गर्ने स्थानः – भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
– भ.न.पा १ देखि १० वडा कार्यालयहरु

**प्रतियोगितामा सहभागी टोलीहरुले पालना गर्नुपर्ने नियमहरुः**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरुमा दर्ता शुल्क प्रति टोली रु. १००।– तिरी निर्धारित फाराममा सहभागी सदस्यहरुको फोटो सहित विवरण भरी दर्ता गर्नुपर्नेछ । अनलाईन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला ।
२. प्रतियोगिता २०८१ बैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ । नगर परिक्रमाको समेत मूल्यांकन गरिनेछ । बजार परिक्रमाको लागि १० अंक भार हुनेछ ।
४. टोलीबीच ३०–५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ ।
५. बजार परिक्रमाको क्रममा टोलीमा जति जना सदस्य रहेतापनि मूल्यांकन स्थलमा प्रति टोली बढीमा १६ जना मात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या बजाउने वाद्यवादकहरु हुनुपर्नेछ ।
६. मंचमा समयमै उपस्थित हुनुपर्नेछ ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक गीत हुनुपर्नेछ ।
८. टोलीको प्रस्तुती पालो गोलाप्रथाद्धारा निर्धारण गरिनेछ ।
९. मूल्याकंन स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ । ८ मिनेटमा जनाउ संकेत स्वरुप झण्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुंग्याउनु पर्नेछ ।
१०. मञ्चमा द्यो ल्हाय् गर्न पाउने छैन ।
११. प्रतियोगितामा देहाय वमोजिम विभिन्न बुँदाहरुमा मुल्याकंन गरिनेछन् :–

| क्र.सं. | मूल्यांकन विवरण | मूल्यांकन अंकभार |
|---|---|---|
| क) | धुन, बोल र ताल | ३० |
| ख) | समयको परिपालना | ५ |
| ग) | अनुशासन | ५ |
| घ) | हाउभाउ | १० |
| ङ) | भेषभुषा | १० |
| च) | प्रष्टता | २० |
| छ) | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरुलाई देहाए वमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ ।
प्रथम पुरस्कार – नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामाग्री
द्वितीय पुरस्कार – नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामाग्री
तृतीय पुरस्कार – नगद रु. २०,०००।– का साथै वाद्यवादनका सामाग्री (दुई वटा सूमहसम्म)
१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्च वापत रु. ३०००।– उपलब्ध गराउनेछ ।
१४. प्रतियोगिता सम्बन्धि कुनै विवाद उठेमा निर्णायकहरुको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।